दैनिक

# लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक ५७ | बुटवल | २०८२ फागुन ०८ गते, शुक्रबार | नेपाल संवत ११४६ | Friday February 20, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१


## पाँच वर्षमा १५ लाख रोजगारी सिर्जना गर्छौं : गगन थापा



बुटवल । नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले युवाका लागि आगामी पाँच वर्षमा १५ लाख रोजगारी सिर्जना गर्ने गरी योजना बनाएको बताएका छन् ।

बिहीबार कांग्रेसको चुनावी प्रतिज्ञापत्रबारे जानकारी दिँदै थापाले कांग्रेसले चलाएको मिसन रोजगारीलाई निरन्तरता दिन र संविधानमा लेखिएको मौलिक हकअन्तर्गतको रोजगारी सिर्जना गर्ने गरी संकल्प तयार गरेको बताए ।

कृषि, पर्यटन, भौतिक पूर्वाधार र सूचना प्रविधिलगायतका क्षेत्रगत विधामा योजना बनाएर रोजगारी सिर्जना गर्ने उनको भनाइ थियो । '५ हजार युवाहरूका लागि कार्यक्रम बनाउनेछौँ, चाहे त्यो संसदमा होस् या सरकारमा होस् । यस बारेमा कार्यक्रम नै बनाएका छौँ ।'- उनले भने ।

युवालाई डिजिटल स्वतन्त्रता र सिर्जनाको सम्मान गर्ने योजना कांग्रेससँग रहेको उनको भनाइ थियो । 'अहिलेका युवाहरूसँग थुप्रै कला, साहित्य र सिर्जनाहरू छन् । उहाँहरूले सिर्जना गर्नु भएको छ । तर त्यसलाई बेच्न बजारमा पाइराख्नु भएको छैन । यसबाट स्वतन्त्रता खोज्नु भएको छ । यसका बारेमा हामी प्रस्ट छौँ ।'-उनले भने ।

उनले युवामा रहेको सीप र सिर्जनालाई चलायमान बनाउनुपर्नेमा जोड दिएका छन् । 'कुनै युवा वा युवतीले आफूले अध्ययन गरिरहेको शिक्षा वा सीपपछि गएर काम नलाग्ने गरी हुनु भएन । उसलाई दक्ष बनाइ राख्न अध्ययन गरिरहेको सीपमा थप गतिशीलता दिनु जरूरी छ । किनकि अहिले बजार प्रतिस्पर्धाको छ ।'- थापाले भने ।

यस्तै सरकारले ब्रेन ड्रेनसँगै ब्रेन गेन अर्थात् युवाको दक्ष जनशक्ति पलायनसँगै दक्ष जनशक्तिलाई संस्थागत रुपमा कसरी ल्याउनेतर्फ पनि योजना बनाएको सुनाए । 'विदेश पलायन भएका युवाहरूलाई नेपालमै कसरी संस्थागत ढंगबाट काम गर्ने वातावरण सिर्जना बनाउन सकिन्छ भन्ने कुरा योजना तयार पारेका छौँ ।'- थापाले भने ।

## निर्धक्क भएर मतदान गर्न गृहमन्त्री अर्यालको आह्वान

बुटवल । गृहमन्त्री ओमप्रकाश अर्यालले आगामी निर्वाचनका लागि आवश्यक सम्पूर्ण सुरक्षाका प्रबन्ध मिलाइएकाले निर्धक्क भएर फागुन २१ गते मतदान प्रक्रियामा भाग लिन मतदातालाई आह्वान गरेका छन् ।

बिहीबार केन्द्रीय सुरक्षा समितिको बैठकमा बोल्दै गृहमन्त्री अर्यालले चुस्त र भरपर्दो सुरक्षा प्रबन्धसहितको व्यवस्थामा मात्रै निर्वाचन हुने भएकाले सबै सम्बद्ध निकायको साथ, सहयोग र समन्वय आवश्यक रहेको बताए । बैठकमा तीन वटै सुरक्षा अङ्गका प्रमुख र जिल्ला सुरक्षा समितिका पदाधिकारीले सुरक्षाका प्रबन्धबारे जानकारी दिएका थिए ।

बैठकमा केन्द्रीय निर्वाचन सुरक्षा रणनीतिको कार्यान्वयन र फागुन २१ गते हुने निर्वाचनको समग्र तयारी सम्बन्धमा विस्तृत छलफल भएको छ । भर्चुलअ बैठकमा गृहमन्त्री अर्यालले केन्द्रीय सुरक्षा समितिका पदाधिकारी, सात वटै प्रदेशका प्रमुख सचिव (प्रदेश कमान्ड पोस्ट प्रमुख) र ७७ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारीसहित जिल्ला सुरक्षा समितिका पदाधिकारीबाट प्रदेश र जिल्लागत सुरक्षा रणनीतिको कार्यान्वयन र निर्वाचन तयारीबारे जानकारी लिएका थिए ।

प्रदेश प्रमुख सचिव र प्रमुख जिल्ला अधिकारीले बैठकमा प्रस्तुतीकरण दिएका थिए ।

## नेकपा एमालेले ल्यायो घोषणापत्र :

# देश समृद्ध बनाउने २५ स्तम्भ



**लुम्बिनी संवाददाता**

*बुटवल*

नेकपा एमालेले आगामी निर्वाचनपछि सरकारको नेतृत्व गर्ने अवसर पाए मन्त्रिपरिषद् बैठकबाटै निर्णय गराएर विभिन्न ११ वटा कामहरू गर्ने प्रतिबद्धता जनाएको छ । बिहीबार घोषणापत्र सार्वजनिक गर्दै एमालेले आगामी निर्वाचनपछि सरकारको नेतृत्व गर्ने अवसर पाए मन्त्रिपरिषद् बैठकबाट तत्काल निर्णय गराएर विभिन्न ११ वटा कामहरू गर्ने प्रतिबद्धता जनाएको हो । एमालेको घोषणा पत्रमा जेनजी उमेर समूहका युवालाई निःशुल्क इन्टरनेट डाटादेखि सुरक्षाकर्मीको सम्मानसम्मका ११ वटा कामहरू मन्त्रिपरिषद् बैठकबाट निर्णय गराएर काम गरिने उल्लेख छ । काठमाडौंको तारे होटल एभरेस्टमा भव्य समारोह आयोजना गरेर सार्वजनिक गरिएको घोषणा पत्रमा जेनजी उमेर समूहका युवालाई मासिक १० जीबी इन्टरनेट डाटा दिने प्रतिबद्धता जनाइएको छ ।

गत २३ र २४ भदौमा भएको जेनजी आन्दोलनपछि आलोचित हुँदै आएको एमालेले जेनजी युवालाई लक्षित गरेर घोषणापत्रमा भनेको छ- '१८ देखि २८ वर्ष उमेर समूहका युवाहरूलाई एक वर्षसम्म हरेक महिना १० जीबी इन्टरनेट डाटा निःशुल्क उपलब्ध गराउने छौं ।'

एमालेले आफ्नो नेतृत्वमा सरकार गठन भए मन्त्रिपरिषद् बैठकबाट युवा र उद्यमीलाई १० हजार बराबरको डलर कार्ड उपलब्ध गराउने पनि उल्लेख गरेको छ । 'सूचना प्रविधि क्षेत्रमा आइटी/टेक उत्पादनहरूको अनुसन्धान, उत्पादन, विकास तथा निर्यात प्रवर्द्धन गर्न र स्टार्टअप व्यवसायमार्फत् अनलाइन अन्तर्राष्ट्रिय कारोबारलाई सहज बनाउन युवाहरूलाई प्रतिव्यक्ति १० हजार अमेरिकी डलर बराबरको बैंक कार्ड उपलब्ध गराउने छौं ।'- घोषणा पत्रमा छ ।

उक्त सुविधाबाट स्टार्टअप उद्यममा जोडिन चाहने युवालाई एआई, कन्टेन्ट क्रिएसन, डिजिटल मार्केटिङ, एप विकास तथा अन्य आइटी र अनलाइन सेवासम्बन्धी तालिम तथा सेवा उपयोग गर्न सहज बनाएर १० लाख युवालाई स्वरोजगारतर्फ उन्मुख गराउने एमालेको लक्ष्य छ ।

विदेशमा नेपाली उद्यमीले कम्पनी स्थापना गर्न तथा विदेशी कम्पनीहरूमा कुनै पनि प्रकृतिको सेयर खरिद गर्नसक्ने व्यवस्थालाई थप सहज र व्यवस्थित बनाउने प्रतिबद्धता पनि एमालले गरेको छ ।

एमालेले तेस्रो काममा वैदेशिक रोजगारीमा रहेकाहरूको खातामा पाँच हजार जम्मा गर्ने र सामाजिक सुरक्षामा निरन्तरता दिने विषय समेटेको छ ।

'वैदेशिक रोजगारीमा गएर देशमा विप्रेषण पठाइरहेका श्रमिकको सम्मान स्वरूप उनीहरूको बैंक खातामा वार्षिक ५ हजार रुपैयाँ थप गरिदिने छौं,' घोषणा पत्रमा भनिएको छ-'वैदेशिक रोजगारीमा जाने सबै श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा निरन्तरता हुने प्रबन्ध गर्नेछौं ।'

एमालेले विद्यार्थीलाई २० लाख निर्ब्याजी ऋण र पारिश्रमिकसहितको इन्टर्नसिपको व्यवस्था मिलाउने पनि भनेको छ । 'प्राविधिक धारमा उच्च शिक्षा अध्ययन गर्न चाहने विद्यार्थीलाई २० लाख रुपैयाँसम्म निर्ब्याजी ऋण उपलब्ध गराउने छौं,' एमालेले भनेको छ-'सरकारी सेवा, निजी क्षेत्रका व्यवसाय र अध्यापन क्षेत्रमा न्यूनतम पारिश्रमिकसहितको इन्टर्नसिपको प्रबन्ध गर्नेछौं ।'

एमालेले 'सबै विद्यालयका किशोरीलाई निःशुल्क प्याड, कक्षा १० सम्मका विद्यार्थीलाई खाजा' शीर्षक राखेर घोषणा पत्रमा पाँचौं कामअन्तर्गत समावेश गरेको छ । 'सबै विद्यालयका किशोरीहरूका लागि निःशुल्क प्याड सहजरूपमा उपलब्ध गराउनेछौं,' एमालेले प्रतिबद्धता जनाउँदै भनेको छ-'१० कक्षासम्मका विद्यार्थीलाई दिवा खाजाको प्रबन्ध गर्नेछौं ।'

**श्रमिकहरूको न्यूनतम पारिश्रमिक २५ हजार रुपैयाँ बनाउने वाचा**

एमालेले आगामी सरकार आफूले गठन गर्ने अवसर पाए श्रमिकहरूको न्यूनतम पारिश्रमिक २५ हजार रुपैयाँ बनाउने बताएको छ । 'श्रमिकहरूको सीप, कौशल र उत्पादकत्व बढाउँदै न्यूनतम मासिक पारिश्रमिक २५ हजार रुपैयाँ पुऱ्याउने छौं,' एमालले भनेको छ-'नियमित वा आकस्मिक, औपचारिक वा अनौपचारिक, स्वरोजगारी वा ज्याला रोजगारीमा रहेका सबै श्रमिकहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा आबद्ध गर्नेछौं ।'

घोषणा पत्रमा शिक्षकको मर्यादा र सामाजिक सुरक्षालाई प्राथमिकता दिएर काम गर्ने पनि उल्लेख छ । 'शिक्षकको मर्यादाक्रम तोक्ने छौं ।

» बाँकी ३ पेजमा

## रास्वपाको 'वाचा पत्र' : प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्री



बुटवल । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले आगामी प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि 'वाचा पत्र २०८२' सार्वजनिक गरेको छ । पार्टीले बिहीबार कर्णाली प्रदेशको सुर्खेतमा आयोजित एक सभाबिच वाचा पत्र सार्वजनिक गरेको हो ।

सार्वजनिक गरिएको वाचा पत्रमा राज्य संरचना, अर्थतन्त्र, डिजिटल रूपान्तरण, ऊर्जा, शिक्षा, स्वास्थ्य, कूटनीति र सुशासनका क्षेत्रमा व्यापक नीतिगत परिवर्तनको घोषणा गरिएको छ । पार्टीले रूपान्तरणका लागि 'नीतिगत प्रस्थानका १०० आधार' समेत वाचा पत्रमा उल्लेख गरेको छ । रास्वपाले आफ्नो नेतृत्वमा सरकार गठन भएलगत्तै दलित तथा पछाडि पारिएका समुदायसँग औपचारिक रूपमा क्षमा याचना गर्दै भविष्यमा त्यस्तो हुन नदिने प्रण गर्ने वाचा गरेको छ । साथै २०८२ भदौ २३ र २४ मा भएको 'जेन-जी' आन्दोलनका घटनाको छानबिन प्रतिवेदन पूर्ण कार्यान्वयन गर्ने प्रतिबद्धता समेत पार्टीले गरेको छ ।

**प्रत्यक्ष निर्वाचित कार्यकारी, सांसद मन्त्री हुन नपाउने**

रास्वपाले प्रत्यक्ष निर्वाचित कार्यकारीको व्यवस्था लागु गर्ने घोषणा गरेको छ । साथै पूर्ण समानुपातिक संसदीय व्यवस्था, सांसद मन्त्री हुन नपाउने र गैरदलीय स्थानीय सरकारजस्ता एजेन्डासहित संविधान संशोधनका लागि राष्ट्रिय बहस थाल्ने वाचा गरेको छ । सार्वजनिक पदमा रहेका सबैको सम्पत्ति छानबिन गरी अवैध सम्पत्ति जफत तथा राष्ट्रियकरण गर्ने गरी कार्यविधि बनाउने घोषणा समेत पार्टीले गरेको छ । सरकारी सेवामा दलगत आबद्धता अन्त्य गर्ने, भ्रातृ सङ्गठन नबनाउने र निजामती प्रशासनलाई 'थोरैले धेरै सेवा दिने' तटस्थ संरचनामा रूपान्तरण गर्ने योजना समावेश गरिएको छ ।

**सबै सरकारी सेवा अनलाइनबाटै**

पार्टीले सरकारी सेवा पूर्ण रूपमा अनलाइन प्रणालीमा लैजानुका साथै राष्ट्रिय परिचयपत्रमार्फत् एकीकृत डाटाबेस निर्माण गर्ने र 'डिजिटल सर्भिस डेलिभरी' समयबद्ध रूपमा लागु गर्ने योजना अघि सारेको छ । फाइल प्रक्रियामा समयसीमा तोकी ढिलाइ भए स्वतः स्वीकृति वा जवाफदेही बनाउने प्रणाली लागु गर्ने वाचा समेत रास्वपाले गरेको छ ।

**वार्षिक ७ प्रतिशत आर्थिक वृद्धि**

पार्टीले आगामी पाँच वर्षमा औसत ७ प्रतिशत वार्षिक आर्थिक वृद्धि हासिल गरी प्रतिव्यक्ति आय ३ हजार अमेरिकी डलर पुऱ्याउने घोषणा गरेको छ ।

» बाँकी ३ पेजमा

## रूपन्देही निर्वाचन :

# १५५ मध्ये १३ ले मात्रै बुझाए घोषणापत्र




**मोहम्मद हबिब**

*भैरहवा*

प्रतिनिधिसभा निर्वाचनका लागि रुपन्देहीबाट विभिन्न दल र स्वतन्त्र रूपमा उम्मेदवारी दर्ता गराएका उम्मेदवारमध्ये २७ जनाले मात्रै बैङ्क कारोबारका लागि खाता खोलेको छन् । जिल्लामा १ सय ५५ जना उम्मेदवार रहेको मध्ये ९८ जनाले बैंक खाता सञ्चालनका लागि सिफारिस लागेका छन् भने ५७ जनाले अझै पनि बैङ्किङ कारोबारका लागि अनुमति नलिएका जिल्ला निर्वाचन कार्यालय रुपन्देहीले जानकारी दिएको छ ।

जिल्ला निर्वाचन कार्यालयका अनुसार बैङ्किङ कारोबारका लागि सिफारिस लिनेमा अधिकांश राजनैतिक दलका उम्मेदवार रहेका छन् भने केही स्वतन्त्र उम्मेदवार रहेका छन् ।

उनका अनुसार यही फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि बैङ्किङ खाता अनिवार्य गरिको छ । चुनावमा राजनीतिक दल तथा उम्मेदवारहरूले गर्ने खर्च पारदर्शी होस् भनेर पहिलो पटक यो अभ्यास थालेको छ ।

समयमा छुटै खाता नखोल्नेहरूलाई कस्तो कारबाही हुन्छ भन्ने आमचासो छ । तर आयोगले भने दण्डात्मकभन्दा नैतिकताको कसीमा पार्न खोज्ने प्रयास भएको बताएको छ । यसपालिको अभ्यासले आउँदा दिनमा सुधारको आधार तयार पार्ने आयोगको विश्वास छ । खर्चको पारदर्शिता होस भन्नका लागि २५ हजारभन्दा बढी रकम अनुदान वा सहयोग गर्दा सम्बन्धितको खातामा जम्मा गर्ने व्यवस्था छ ।

केहीले यसका बारेमा बुझ्न र सिफारिसका लागि आवश्यक प्रक्रियाबारे जानकारी लिन आएका छन् भने केहीले आफैं सिफारिस बिनै खाता खोलेको पाइएको छ । 'सिफारिस बिना खाता खोलिए आयोगले त्यसलाई मान्यता नदिने व्यवस्था छ, निर्वाचन प्रयोजनका लागि आवधिक समय मात्रै प्रयोग हुने यो खाताको कार्यालयको सिफारिसमा खुल्ने र उम्मेदवारले कार्यालयलाई जानकारी गराउनु पर्ने हुन्छ ।' जिल्ला निर्वाचन कार्यालय रुपन्देहीका लेखापाल केदारप्रसाद घिमिरेले भने ।

रुपन्देहीको क्षेत्र नम्बर १ बाट ८ जनाले खाता खोलेको र २१ जनाले सिफारिस लगेका छन्, २ नम्बर क्षेत्रमा ३९ जना मध्ये ६ जनाले खाता खोलेका छन् भने २४ जनाले सिफारिस लगेका छन्, ३ नम्बर क्षेत्रमा ३६ जना मध्ये ६ जनाले खाता खोलेका छन् भने १३ जनाले सिफारिस लगेका छन्, ४ नम्बर क्षेत्रमा २२ जनामध्ये ४ जनाले बैंक खाता खोलेका छन् भने १९ जनाले सिफारिस लगेका छन् र ५ नम्बर क्षेत्रमा २७ जनामध्ये २१ जनाले सिफारिस लगेको ३ जनाले खाता सञ्चालन गरेको जानकारी कार्यालयमा आएको लेखापाल घिमिरेले जनाए ।

निर्वाचन आयोगले राजनीतिक दल एवं उम्मेदवारबाट हुने निर्वाचन प्रचारप्रसारको लागि प्राप्त हुने स्वैच्छिक आर्थिक सहयोगको रकम र त्यसको प्रचारप्रसारको लागि राजनीतिक दल एवं उम्मेदवारहरूले गर्ने खर्चलाई मितव्ययी, पारदर्शी बनाइ निर्वाचनमा सुशासन कायम गर्न बैङ्किङ खाता खोल्नुपर्ने प्रावधान ल्याएको हो ।

यस्तै जिल्लामा रहेका १५५ जना उम्मेदवारमध्ये १३ जनाले आफ्नो घोषणापत्र बुझाएका छन् । कार्यालयका अनुसार ६ जना स्वतन्त्र उम्मेदवार र ७ जना राजनीतिक दलका उम्मेदवारले आफ्नो घोषणापत्र बुझाएका हुन् । आयोगले फागुन ३ गतेसम्म उम्मेदवारहरूले आफ्नो घोषणापत्र आयोगमा बुझाउन आग्रह गरेको थियो । पछि आयोगले दलको घोषणा पत्र केन्द्रमा बुझाएपछि जिल्लामा नपर्ने व्यवस्था गरेको थियो ।

जिल्ला निर्वाचन कार्यालय रुपन्देहीका अनुसार प्रतिनिधिसभा निर्वाचन-२०८२ का लागि जिल्लामा ३ लाख ४६ हजार २ सय ३ जना पुरुष, ३ लाख ३६ हजार ३ सय ११ जना महिला र ९ जना अन्य गरी ६ लाख ७२ हजार ५ सय २३ मतदाता छन् । प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि रुपन्देहीका ५ निर्वाचन क्षेत्रमा २ सय ९ वटा मतदान स्थल र ७ सय ३२ मतदान केन्द्र तय भएको छ ।




## सम्पादकीय

# प्रसारण लाइनले खोलेको ढोका

नेपाल विद्युत् प्राधिकरणले ४ अर्ब ७६ करोड लागतमा बुर्तिबाङ- पौदीअमराइ- तम्घास- सन्धिखर्क- गोरुसिंगे १३२ केभी प्रसारणलाइन आयोजना सञ्चालनमा ल्याएको छ। यसले अर्घाखाँची, गुल्मी र बागलुङको बिजुली आपूर्ति व्यवस्थित हुनेछ।

पहिला ३३ केभीमा लाइन आउँदा दैनिक १०-१५ पटक विद्युत् आपूर्तिमा समस्या भोगेका गुल्मी र बाग्लुङका बासिन्दा अब नियमित विद्युत् उपभोग गर्न पाउने भएका छन्। छिनछिनमा बिजुली जाने, बिजुली आउँदा मधुरो आउने समस्याले गुल्मी र बाग्लुङको पश्चिम क्षेत्रका बासिन्दा प्रभावित थिए। उनीहरुको घरमा बिजुली थियो, तर बत्ती थिएन्। गुणस्तरीय बिजुलीको अभावमा विद्युतीय सामान उपभोगमा समस्या थियो। टेलिभिजन, फ्रिजलगायतका विद्युतीय सामग्री छिटो–छिटो बिग्रने समस्याले पीडित रहेका बासिन्दाले अब गुणस्तरीय बिजुली उपभोग गर्न पाएका छन्। मोबाइल चार्ज नहुँदा सञ्चार सम्पर्कमा पनि समस्या थियो। सरकारी रेकर्डमा बिजुली पुगेको देखिए पनि नागरिकको घरमा बिजुली बल्ने आक्कल भुक्कल मात्रै थियो। अब नियमित विद्युत् आपूर्तिमा समस्या नआउने प्राधिकरणका अधिकारीहरुको भनाइ छ।

बिजुली आधारभूत आवश्यकता हो, यसले हाम्रो दैनिकीलाई सहज र छरितो बनाउँछ। त्यसैगरी, उद्यमशिलता विकास र पर्यटन प्रवर्द्धनमा पनि महत्वपूर्ण योगदान दिनसक्छ। अब प्राधिकरणले उद्योग-व्यवसायीहरुलाई समेत प्राधिकरणले भरपर्दो र गुणस्तरीय विद्युत् उपलब्ध गराउन सक्ने बताएको छ। अब यी क्षेत्रमा कृषि उद्योग, साना उद्योग र ठूलाठूला उद्योग-व्यवसायको अवसर श्रृजना भएको छ। प्राधिकरणले गरेको लगानीले यहाँको अर्थतन्त्रलाई थप माथि उठाउन र रोजगारी सिर्जना गर्न सहयोग पुग्नेछ। ग्रामीण क्षेत्रमा आर्थिक गतिविधि अभिवृद्धि भएपछि बढ्दो बसाईसराइ नियन्त्रण गर्न सघाउ पुग्नेछ।

नयाँ विद्युत् आयोजना निर्माणमा पनि ढोका खुलेको छ। बुर्तिबाङ आसपास अरु विद्युत् आयोजना अघि बढाउन निजी कम्पनीका लागि लगानी गर्ने अवसर खुलेको छ। बिजुली आयोजनाले ल्याउने अवसरमा राज्यले नागरिकलाई जोड्न सक्नुपर्छ। उद्यमशिलताको विकास गर्न यो क्षेत्रमा कस्ता खालका उद्योग आकर्षित गर्न सकिन्छ, त्यो अध्ययन गरी उद्योगी व्यवसायीलाई आकर्षित गर्न सकिन्छ। साना खालका उद्योगमा लगानी गर्न वैदेशिक रोजगारीबाट फर्केका युवालाई आकर्षित गर्न परियोजनामा आधारित ऋण उपलब्ध गराउने व्यवस्थाले युलालाई गाउँमै राख्ने वातावरण तयार गर्नेछ। बिजुलीको पहुँचसँगै राज्यले एकीकृत अवसर उपभोगको वातावरण बनाउन नसक्दा ग्रामीण क्षेत्र उजाड हुँदै गएका हुन्। यो आयोजना सम्पन्न भएसँगै यहाँ गर्न सकिने काम र श्रृजना भएको अवसरका बारेमा प्रदेश सरकारले अध्ययन गरी प्रतिवेदन तयार गर्न सक्छ, जुन सरोकारवाला सरकारी निकायलाई र निजी क्षेत्रलाई काम लाग्न सक्छ।

# दश वर्षे जनयुद्धको तीस वर्ष



विनबहादुर कुँवर

*जब एउटा क्रान्तिकारी पार्टीमा विना अन्तर संघर्ष र अन्तर विरोध सिंगो पार्टी नै दक्षिणपन्थी अवसरवादअन्तर्गत प्रतिक्रियावादी सामु आत्मसमर्पण गर्छ अन्ततः ढिलो चाँडो त्यो समग्र पुरै पार्टी नै विसर्जन भई यही सामन्ती, दलाल र नोकरशाही बुर्जुवा राज्य सत्ताकै एउटा बफादार अंग बनिछाड्छ। उदाहरण अहिले प्रचण्ड नेतृत्वकै नेकपा नामधारी पार्टी बनेको छ। माओवाद, जनयुद्ध र आफैं नेतृत्वको १० वर्षे माओवादी जनयुद्ध उनीहरुका लागि उग्रवामपन्थी घाँडो बन्न थालेको छ। यो प्रचण्ड-बाबुरामको लागि मात्रै होइन माओवादीको नाममा बनाइएका अरु जो कुनै साना दल र ग्रुपहरुका लागि पनि सत्य हो।*

संसार हल्लाउने १० वर्ष अर्थात् १० वर्षे माओवादी जनयुद्ध थालनी भएको ३० वर्ष पूरा भई ३१औं वर्षमा प्रवेश गरेको छ। यो अवधिमा नेपालको तत्कालीन राजा, कांग्रेस, एमाले सामन्ती, दलाल तथा नोकरशाही बुर्जुवा राज्यसत्ताको मात्रै होइन त्यसले विश्व साम्राज्यवाद खासगरी अमेरिकी साम्राज्यवाद साथै भारतीय विस्तारवादको समेत निन्दहराम अर्थात् गम्भीर चिन्तामा पारेको थियो। भारतको चिन्ता आफ्नै देशमा भइरहेको भा.क.पा.(माओवादी) हरुको बढ्दो जनलहर अनि त्यसमा नेपालका माओवादीहरुको समर्थन र सहयोगप्रति थियो भने अमेरिकाको चिन्ता कतै यसको फैलावट भारत हुँदै विश्वव्यापी यो हुने हो कि ? भन्नेमा थियो। हुन पनि यसको समर्थन र सहयोग विश्वव्यापी रुपमा नै भइसकेको थियो। स्वयं अमेरिकी कम्युनिष्ट पार्टी क्रान्तिकारीको एक लेखिका लि. अनेष्टोद्वारा लेखिएको एउटा पुस्तक 'नेपालको जनयुद्धले दिएको सन्देश'मा उनले भनेकी छिन् 'नेकपा (माओवादी) सर्वहारा अन्तर्राष्ट्रियवादलाई विशेष महत्व दिन्छ। यसले यसलाई रिभोल्यौनरी इन्टरनेशनल मुभेण्ट (रिम) मा सहभागिता जनाई सांगठानिक विस्तार पनि गरिरहेको छ। रिममा नेकपा (माओवादी) लगायत विश्वभरिका माओवादी पार्टीहरु र संगठनहरु सदस्य छन्। नेकपा (माओवादी) ले भारतीय महादीपका माओवादी संगठनहरुसँग आफ्नो भातृत्वपूर्ण सम्बन्ध रहेको कुरा पनि गोप्य राखेको छैन। यस क्षेत्रमा जनयुद्ध फैलाउनका लागि दक्षिण एसियाका माओवादी पार्टी र संगठनहरुलाई एकताबद्ध गर्नु र उनीहरुका क्रियाकलापका बिच समन्वय गर्नु हो। नेपाली जनयुद्धबाट भारतका माओवादी पार्टीहरुले स्पष्ट रुपमा साहस र विश्वास पाएका छन्।'

त्यस्तै उक्त पुस्तकमा नै उनले अमेरिकी चासोबारे लेखिकी छन्-'सन् २००५ मा नेपाल सम्बन्ध परिषद्को एउटा छलफलमा अमेरिकी राजदूत जेम्स एफ मेरियार्टीले आफ्नो भाषणमा भनेका छन्-'मलाई बारम्बार सोध्ने गरिन्छ, किन अमेरिकाले नेपालमा यति बढी चासो दिइराख्छ, यस क्षेत्रमा स्थिरता हासिल गर्ने मामिलामा हाम्रो चिन्ता एउटा प्रमुख कारण हो भन्ने कुरामा कुनै शंका छैन। तर एउटा हिंस्रक र सिद्धान्तवादी माओवादीहरुको विद्रोहले राज्य नै हत्याउन खोजिरहेको छ र क्रान्तिलाई शान्तिपूर्ण छिमेकी देशहरु कहाँ निर्यात गर्न चाहान्छ भने त्यो हाम्रो लागि ठूलो चिन्ताको विषय हो।' अमेरिकी चिन्तालाई मध्यनजर गरेर नै उनले अघि लेखिकी छन्-'अमेरिकाले शाही नेपाली सेनालाई शैन्य तालिम दिएको छ, सल्लाहकारहरु दिएको छ, कमसेकम दुई करोड २० लाख डलर आर्थिक सहयोग दिएको छ र हजारौं एम सिक्स्टिन राइफल हतियारको सप्लाई गरेको छ।' तै पनि समयमै यो माओवादी जनयुद्धलाई भारत अमेरिकाले समाप्त पार्न सकेनन्। एकपछि अर्को रुपमा यसको प्रगति र विकास तुफानी हिसाबले बढी नै रह्यो। यस्तो अमेरिकी सहयोग नेपाली सेनाले अहिले पनि पाइरहेको छ। स्वयं अमेरिकी सेनाहरु नेपाली सेनाको सैनिक परेटमा देखा पर्न थालिसकेका छन्। यो त्यसैको निरन्तरता नै हो।

मार्क्सवादी समाज विज्ञानमा कुनै पनि वस्तुको विकास र अन्त्य मूलत त्यसको आन्तरिक पक्षमा निर्भर हुन्छ। ठीक यो त्यो नेपालको माओवादी जनयुद्धको विकास र विनासमा पनि देखा पर्‍यो। तत्कालीन पार्टी नेतृत्व खासगरी प्रचण्डले केही पार्टीको आधारभूत मालेमावादी सिद्धान्त अनि त्यसको रणनीति र कार्यनीतिमा हेरफेर गराउन पुगे। जसरी नयाँ जनवादको विकल्पमा २१औं शताब्दीको जनवाद, पार्टीको दीर्घकालीन जनयुद्धको फौजी कार्य दिशालाई सशस्त्र फौजी कार्यदिशामा रुपान्तरण अर्थात् यी दुईबिचको फ्युजन जुन सार संग्रहवादको एउटा भद्दा नमूना थियो। त्यस्तै पार्टी नेतृत्वको केन्द्रीयकरणको नाममा 'प्रचण्डपथ' जस्तो व्यक्ति केन्द्रित व्यक्तिवादमा पार्टी रुपान्तरण हुन पुग्यो। आसेपासे, भजनमण्डलीहरुको विकास अनि पार्टी अन्तर संघर्षमा पूर्णविराम नै लाग्यो। खाली प्रचण्डकै गुनगान, तारिफ अनि त्यसो नगर्नेहरुप्रति दुष्मनी र आक्रमण हुन थाल्यो। यही पार्टीभित्रको अन्तर संघर्ष, गुट-उपगुटबिचको अन्तर विरोध र संघर्षकै कारण एकले अर्काको सुराकी र गिरफ्तारी आदिले गर्दा पार्टी नेतृत्व भारतमा आश्रय स्थल बनाई बस्नै सक्ने स्थिति रहेन। यो सबै भारतीय र अमेरिकी गुप्तचरहरुको डिजाइनमा भएको थियो।

यो सब बुझेका प्रचण्ड अन्ततः भारत बस्न नसकी नेपालमा नै बस्ने गरी आए। तर प्रचण्डको संदिग्ध चरित्र अर्थात् भारतमा रहँदा भारतीय शासकहरुसितको निकटता अनि नेपालमा पनि त्यस्तै भारत विरोधी आवाज र नेपाली शासक खासगरी तत्कालीन राजाप्रतिको निकटताकै बिचमा प्रचण्ड-बाबुरामबिचको आरोप प्रत्यारोप अर्थात् प्रचण्ड दरबार परस्त र बाबुराम भारत परस्तबिचको अन्त द्वन्द्व उत्कर्षमा पुर्‍याइयो। जसको फलस्वरुप एकले अर्कालाई गिरफ्तार गर्ने उस्तै परे मार्ने-सफाय नै गर्ने जस्ता घटनाहरु देखिए। यही मौकामा चौका मार्ने दाउँ तत्कालीन राजा ज्ञानेन्द्रबाट हुन थाल्यो। सैनिक दमन, हत्या, हिंसा, आक्रमण तीव्र पारियो। अन्ततः प्रचण्डलाई भारतसामु आत्मसमर्पण नगरी सुखै भएन। भारत-अमेरिकाकै डिजाइनमा उनीहरुकै छत्रछाया र आँगनमा बसी माओवादीसहितको १२ बुँदे दिल्ली समझदारी पत्र बनाइयो र त्यसमा प्रचण्डलाई हस्ताक्षर गर्न लगाई आत्मसमर्पण गराइयो।

२०५२ साल फागुन १ गते जन्माइएको त्यो शिशु माओवादी जनयुद्धलाई आफ्नै पार्टी प्रचण्ड-बाबुराम पार्टी नेतृत्वले साम्राज्यवादी र विस्तारवादी सामु आफैँले त्यसको घाँटी रेटी हत्या गर्न पुगे। यसको जतिसुकै निन्दा र घृणा गरे पनि कमी नै हुन्छ। पाप धुरीबाट कुलिन्छ भने जस्तै यी हत्याराहरुको यो पाप अहिले ३० वर्षपछि एकपछि अर्को रुपमा प्रकट भइरहेको छ। बाबुरामविना पार्टीका तैपनि पद, प्रतिष्ठा र कुर्सीका लागि विश्व साम्राज्यवाद र विस्तारवादको घर आँगनमा भिक्षा माग्दै छन् भने अर्कोतिर तिनैका नेपाली दलाल बालेन, रवि र वाग्लेको दलाली र चाकडी गरिरहेका छन्। भावी राष्ट्रपतिका लागि उनीहरुसँग बिन्ती भाउ गरिरहेका छन्। कस्तो अचम्म! १० वर्षे त्यो माओवादी जनयुद्धका नायक क. लालध्वज उर्फ डा. बाबुराम भट्टराई आज यिनै विदेशी दलाल बालेन, रवि र वाग्लेका कारिन्दा बनेका छन्। मर्न लागेको बुढी बाख्राका जुम्रा जस्तै सबै उनीबाट अहिले बाहिरिसके। मर्ने बेलामा आफू एक्लै। अब कसैले पनि पत्याउनेवाला छैनन्। अन्ततः हाम्रा १० वर्षे माओवादी जनयुद्धका नायक प्रचण्ड, बाबुराम दुवैको अवस्था सिक्किमी राष्ट्रघाती दलाल लेण्डुपेको जस्तै भइसकेको र हुने निश्चित छ।

तै पनि प्रचण्डले अझै सास छउन्जेल आश हुन्छ भने जस्तै किसिम किसिमका नाटक मन्थन गरी आफ्ना नेता कार्यकर्ता र जनताहरुलाई तमसा देखाइरहेका छन्। माओवादी पार्टीको विघटन अनि फेरि भ्रष्टाचार आरोपित माधव नेपालको समाजवादी नामको पार्टीसँग पार्टी एकीकरण त्यसपछि अहिले कथित तीन दर्जन पार्टीबिचको एकता आदि इत्यादि गरी देशको पहिलो दल बनाउने चिच्याहट सुनाउँदै हिडिरहेका छन्। निश्चय नै अनेक थरी रंगी बिरंगी टालाटुली बटुली एउटा पुतली त बन्ला, त्यसले तत्काल हेर्नको लागि मनोरञ्जन त देला। तर त्यसले देश र जनताको परिवर्तनको लागि होइन, यही सामन्ती दलाल र नोकरशाही बुर्जुवा संसद बन्नका लागि सहयोग पुर्‍याउने नै छ। तर पुरेतका दानबाट आएका गाई जस्तै सबै एकपछि अर्को रुपमा जुन गोठबाट ल्याइएका वा आएका अन्ततः ती सबै त्यतै नै जाने छन्। जस्तो हालत अहिले डा. बाबुरामको भयो त्यस्तै हालत अब प्रचण्डको पनि हुने निश्चित छ।

यो प्रचण्ड-बाबुरामको मात्रै होइन अरु १० वर्षे माओवादी जनयुद्धकै नाममा बनाइएका माओवादी नामका अरु दलहरुमा पनि देखिने निश्चित छ। जब एउटा क्रान्तिकारी पार्टीमा विना अन्तर संघर्ष र अन्तर विरोध सिंगो पार्टी नै दक्षिणपन्थी अवसरवादअन्तर्गत प्रतिक्रियावादी सामु आत्मसमर्पण गर्छ अन्ततः ढिलो चाँडो त्यो समग्र पुरै पार्टी नै विसर्जन भई यही सामन्ती, दलाल र नोकरशाही बुर्जुवा राज्य सत्ताकै एउटा बफादार अंग बनिछाड्छ। उदाहरण अहिले प्रचण्ड नेतृत्वकै नेकपा नामधारी पार्टी बनेको छ। माओवाद, जनयुद्ध र आफैं नेतृत्वको १० वर्षे माओवादी जनयुद्ध उनीहरुका लागि उग्रवामपन्थी घाँडो बन्न थालेको छ। यो प्रचण्ड-बाबुरामको लागि मात्रै होइन माओवादीको नाममा बनाइएका अरु जो कुनै साना दल र ग्रुपहरुका लागि पनि सत्य हो।

त्यसैले अब त्यो १० वर्षे माओवादी जनयुद्धको विचार, सिद्धान्त र लाइन अनि यसको त्यो क्रान्तिकारी पुरानो ऐतिहासिक विरासतलाई जोगाउने, संरक्षण गर्ने र यसलाई फैलाउने जिम्मेवारी आम नेपाली सर्वहारा मजदूर-किसान अनि देशभक्त र जनवादी जनसमुदायहरुकै काँधमा छ। त्यसैले आजको यो दिन अर्थात् फागुन १ माओवादी जनयुद्ध दिवसको अवसरमा देशका संघर्ष न्यायप्रेमी सर्वहारा किसान, मजदुर देशभक्त र जनवादी सबैका लागि एउटा सन्देश १० वर्षे माओवादी जनयुद्ध- जारी छ। मार्क्सवाद-लेनिनवाद-माओवाद जिन्दावाद। सबै खाले प्रतिक्रियावादी र आत्मसमर्पणवादी गद्दार-मूर्दावाद। १० वर्षे माओवादी जनयुद्धका सम्पूर्ण सहिदप्रति भावपूर्ण क्रान्तिकारी लाल अभिवादन

अन्त्यमा 'एकपटक हतियार उठाएपछि त्यसलाई अन्तिमसम्म लैजाने दृढता विना सशस्त्र संघर्ष थालनी गर्नु सर्वहारा वर्ग एवं आम जनताप्रति अपराध हुने कुरामा हामी दृढ छौं। यो संघर्ष जनताको स्थितिमा आंशिक सुधार गर्ने प्रतिक्रियवादीलाई दबाब दिई सामान्य सम्झौतामा टुंग्याउने साधन बन्न कदापि दिइने छैन।' यो जनयुद्ध थालनीका लागि तत्कालीन नेकपा (माओवादी)ले जारी गरेको पहिलो योजनाको प्रस्ताव २०५२ मा जारी गरिएको थियो। यसप्रतिको गद्दारी र अपराध हिजो प्रचण्ड-बाबुराम नेतृत्वले गर्‍यो। अब अरु माओवादीहरु कसैले पनि त्यस्तो नगरौं।

# भान्साको औषधि लसुनका ७ प्रमुख फाइदा, कसरी खाने ? के-के सावधानी अपनाउने ?

दिपुसिंह राजपुत

लसुन हाम्रो भान्सामा दैनिक प्रयोग हुने मसला मात्र होइन, अत्यन्तै गुणकारी औषधीय तत्व पनि हो। विशेषगरी लसुनलाई काटेर (चोप गरेर) करिब ५ मिनेट राखेपछि खानु स्वास्थ्यका लागि धेरै लाभदायक मानिन्छ। यसको कारण लसुनभित्र हुने प्राकृतिक रासायनिक तत्व हो, जसले हाम्रो शरीरलाई विभिन्न रोगबाट जोगाउन मद्दत गर्छ।

लसुन काट्दा वा कुट्दा त्यसमा रहेको 'अलिन' नामक तत्व सक्रिय भई 'अलिसिन' नामको शक्तिशाली यौगिक बन्छ।

यही अलिसिनले लसुनलाई औषधीय गुण दिन्छ। तर, अलिसिन तुरुन्तै बन्दैन; लसुन काटेपछि करिब ५-१० मिनेट समय दिनुपर्छ ताकि त्यो राम्रोसँग बन्न सकोस्। यदि काट्नेबित्तिकै पकाइयो भने अलिसिन पूर्ण रूपमा बन्न पाउँदैन। त्यसैले लसुन काटेर केही समय छोडेपछि मात्र खानु वा पकाउनु राम्रो मानिन्छ।

**लसुनका मुख्य फाइदाहरू:**

**१. रोग प्रतिरोधात्मक क्षमता बढाउँछ:**

लसुनले हाम्रो शरीरको इम्युन सिस्टम बलियो बनाउँछ। नियमित रूपमा लसुन खाँदा रुघाखोकी, ज्वरो र संक्रमण जस्ता समस्या कम हुन्छन्।

यसमा एन्टिब्याक्टेरियल र एन्टिभाइरल गुण हुन्छन्, जसले हानिकारक जीवाणु र भाइरससँग लड्न मद्दत गर्छ।

**२. मुटुको स्वास्थ्यका लागि लाभदायक:**

सुनले रक्तचाप (ब्लड प्रेसर) कम गर्न सहयोग पुर्‍याउँछ। उच्च रक्तचाप भएका व्यक्तिहरूले चिकित्सकको सल्लाहअनुसार लसुन सेवन गर्दा फाइदा पाउन सक्छन्।

यसले खराब कोलेस्ट्रोल (एलडिएल) घटाउन र राम्रो कोलेस्ट्रोल (एचडिएल) सन्तुलनमा राख्न मद्दत गर्छ, जसले मुटुरोगको जोखिम कम गर्छ।

**३. पाचन प्रणालीमा सुधार:**

लसुनले पाचन शक्ति बढाउँछ। यसले पेटभित्रका हानिकारक ब्याक्टेरियालाई नष्ट गर्न र असल ब्याक्टेरियालाई सन्तुलनमा राख्न मद्दत गर्छ। ग्यास, अपच र पेट फुल्ने जस्ता समस्यामा पनि लसुन उपयोगी हुन्छ।



**४. मधुमेह नियन्त्रणमा सहयोग:**

केही अध्ययनले लसुनले रगतमा चिनीको मात्रा सन्तुलनमा राख्न सहयोग पुर्‍याउने देखाएका छन्। मधुमेहका बिरामीहरूले चिकित्सकको सल्लाह लिएर लसुन सेवन गर्नु लाभदायक हुन सक्छ।

**५. एन्टिअक्सिडेन्ट गुण:**

लसुनमा प्रशस्त मात्रामा एन्टिअक्सिडेन्ट हुन्छ, जसले शरीरमा हुने 'फ्री रेडिकल्स'लाई नष्ट गर्न मद्दत गर्छ। यसले बुढ्यौली प्रक्रिया ढिलो बनाउन र दीर्घकालीन रोगबाट जोगाउन सहयोग पुर्‍याउँछ।

**६. क्यान्सरबाट जोगाउन सहयोग:**

केही अनुसन्धानका अनुसार लसुनको नियमित सेवनले पेट र आन्द्रासम्बन्धी क्यान्सरको जोखिम घटाउन सक्छ। यद्यपि यसबारे थप अनुसन्धान आवश्यक छ, तर लसुनलाई स्वस्थ आहारको हिस्सा बनाउनु फाइदाजनक हुन्छ।

**७. शरीर डिटक्स गर्न सहयोग:**

लसुनले शरीरभित्र जम्मा भएका विषाक्त पदार्थ बाहिर निकाल्न र कलेजो (लिभर) को कार्य क्षमतामा सुधार गर्न मद्दत गर्छ।

**कसरी खाने ?**

लसुनलाई साना टुक्रामा काटेर वा कुटेर कम्तीमा ५ मिनेट खुला छाडिदिनुहोस्।

त्यसपछि काँचै खान सकिन्छ वा हल्का तातो परिकारमा मिसाएर सेवन गर्न सकिन्छ।

बिहान खाली पेटमा एक-दुई केस्रा लसुन खानु धेरै लाभदायक मानिन्छ।

**सावधानी:**

अत्यधिक लसुन सेवन गर्दा पेट पोल्ने, जलन हुने वा एलर्जी हुन सक्छ। रगत पातलो बनाउने औषधि खाइरहेका व्यक्तिले विशेष सावधानी अपनाउनुपर्छ।

गर्भवती महिला वा दीर्घरोगीले सेवन गर्नुअघि चिकित्सकको सल्लाह लिनु राम्रो हुन्छ।

स्वास्थ्य खबरबाट



**मुस्ताङमा निर्वाचन प्रहरीको सुरक्षागस्तीः**

यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको सुरक्षाका लागि जिल्ला प्रहरी कार्यालय मुस्ताङअन्तर्गतका प्रहरी सुरक्षाकर्मीको अगुवाइमा निर्वाचन सुरक्षाका लागि मुस्ताङको घरपझोङ–३ स्याङ र घरपझोङ–५ ठिनी गाउँमा खटिएका निर्वाचन प्रहरीहरुको संयुक्त सुरक्षागस्ती। तस्विरः सुन्दरकुमार थकाली/रासस

# यौन प्रकरणमा मुछिएका राजाका भाइ पक्राउ





बुटवल। बेलायतका राजा चार्ल्स त्रितियका आफ्नै भाइ एन्ड्र्यू माउन्टब्याटन-विन्डसर पक्राउ परेका छन्। बीबीसीले उनी पक्राउ गरेको पुष्टि गर्दै बिहीबार बिहान इङ्ल्यान्डको नर्फोकस्थित स्यान्ड्रिङ्घम एस्टेटमा प्रहरी गाडीहरू पुगेका तस्विरहरू सार्वजनिक गरेको छ।

यो घटनाक्रम त्यतिबेला सामने आएको हो, जब टेम्स भ्याली पुलिसले पूर्व प्रिन्सले यौन अपराधी जेफ्री एपस्टिनसँग गोप्य जानकारी सेयर गरेको उजुरीको अनुसन्धान गरिरहेको बताएको थियो।

**एपस्टिन यौन प्रकरणमा मुछिएपछि लेबर पार्टीका नेता पिटर म्यान्डेलसनले दिए राजीनामा**

बेलायती महारानी एलिजावेथ द्वितियाका चार सन्तान छन्। जेठो छोरा चार्ल्स त्रितिय अहिले राजा छन्। छोरी एन राजकुमारी हुन्। अहिले पक्राउ परेका एन्ड्र्यू तेस्रो सन्तान हुन्। उनका एक जना भाइ पनि छन्।

**राजकुमारको उपाधि खोसियो**

एन्ड्र्यूले कुनै पनि गलत काममा संलग्न रहेको कुरालाई निरन्तर अस्वीकार गर्दै आएका छन्।

प्रहरी अनुसन्धानमा पटक-पटक नाम देखिएपछि उनलाई यसअघि नै राजकुमार (प्रिन्स)को उपाधिबाट हटाइएको थियो। उनको आफ्नो दरबार 'रोयल लज'बाट निकाला गरिएको थियो।

**फाइलको खुलासाः नर्वेकी युवराज्ञी पनि थिइन् एपस्टिनसँग सम्बन्धमा**

बीबीसीका अनुसार बिहीबार बिहान नर्फोकको स्यान्ड्रिङ्घममा केही सवारी साधनहरू देखिएका थिए। ती गाडीहरू चिह्नरहित पुलिस गाडी थिए।

**यौन अपराधमा शाही शक्तिको दुरूपयोग**

बेलायतको आधुनिक इतिहासमा राजकुमार पक्राउ परेको यो पहिलो पटक हो। अमेरिका, युरोप र एशियाका समेत शक्तिशाली व्यक्तिहरू मुछिएका यौन अपराधी जेफ्री एपस्टिनसँगको सम्बन्धलाई लिएर उनीमाथि थुप्रै आरोपहरू लागेका छन्।

बीबीसी न्यूजका अनुसार अहिले उनलाई सार्वजनिक पद दुरुपयोगको शङ्कामा पक्राउ गरिएको हो। एन्ड्र्यूको पक्राउपछि टेम्स भ्याली पुलिसले विज्ञप्ति जारी गरेको छ।

**प्रहरी भन्छः पक्राउ व्यक्तिबारे धेरै चासो छ**

विज्ञप्तिमा भनिएको छ – 'अनुसन्धानको क्रममा आज हामीले नर्फोकमा ६० वर्षभन्दा बढी उमेरका एक व्यक्तिलाई सार्वजनिक पदको दुरूपयोग गरेको शङ्कामा पक्राउ गरेका छौँ। बर्कशायर र नर्फोकस्थित ठेगानाहरूमा छापा मार्ने काम भइरहेको छ। ती व्यक्ति हाल पुलिस हिरासतमा छन्।'

एपस्टिन यौन प्रकरणले विश्वमै हलचलः १० देशमा राजीनामा, ८० शक्तिशाली व्यक्तिविरुद्ध अनुसन्धान

राष्ट्रिय दिशानिर्देशअनुसार पक्राउ गरिएको व्यक्तिको नाम सार्वजनिक गर्न प्रहरी असमर्थ रहेको विज्ञप्तिमा उल्लेख छ।

प्रहरी अधिकारी ओलिभर राइटले भनेका छन्-'हामी बुझ्छौँ कि यस मामिलामा सार्वजनिक चासो अत्यधिक छ। उचित समयमा हामी जानकारी सार्वजनिक गर्नेछौँ।'

**राजदरबार रिसायो**

एन्ड्र्यू माउन्टब्याटन बेलायतका राजा चार्ल्स त्रितियका आफ्नै भाइ हुन्।

बकिङ्घम प्यालेसले भनेको छ राजाका भाइलाई अब एन्ड्र्यू माउन्टब्याटन-विन्डसरका नामले चिनिनेछन्। एन्ड्र्यूका अन्य शाही उपाधि यसअघि नै खोसिइसकेका छन्।

## जेनाङ रिन्पोछेपछि लिङ रिन्पोछे नेपालमाः

# किन विवादित हुन थाले धर्मगुरुका भ्रमण



काठमाडौं। दलाई लामाका आध्यात्मिक गुरु क्याब्जे लिङ रिन्पोछे ३४औँ नेपाल गेलुग महाप्रणिधान कार्यक्रममा भाग लिन यही फागुन १५ गते नेपाल आउने कार्यक्रम तय भएको छ। उनले दलाई लामाको गेलुक स्कुलको कपन गुम्बामा हुन लागेको प्रार्थना र बौद्ध क्षेत्रमा रहेको तिब्बती शरणार्थीहरूको गुम्बा साम्तेलिङमा 'धर्म देशना' कार्यक्रममा पनि भाग लिनेछन्।

गत माघ १० गते तिब्बती धर्म गुरु जोनाङ रिन्पोछे काठमाडौँ आएर फर्केको एक महिना पनि नबित्दै लिङ नेपाल आउन लागेपछि फेरि दलाई लामासम्बन्धी विषय थप तरंग ल्याउने देखिएको छ।

नेपालखबरलाई प्राप्त लिङ रिन्पोछेको कार्यक्रम सूचीअनुसार उनी फागुन १६ गतेदेखि २० गतेसम्म कपन गुम्बाको मोन्लम (प्रार्थना) कार्यक्रममा सहभागी हुने छन्। प्रार्थना पर्व गेलुग परम्पराका मुख्य गुम्बाहरू ड्रेपुङ, सेरा र गादेन गुम्बाहरूबाट तिब्बतमा सुरु भएको हो। शान्ति, करुणा, बुद्धको शिक्षाको प्रचार र विश्वमा समृद्धि ल्याउने उदेश्यले मोनलम कार्यक्रम गर्ने तिब्बती परम्परा छ।

त्यसैगरी लिङ रिन्पोछे फागुन २३ गतेदेखि २४ सम्म साम्तेनलिङ (बौद्ध) गुम्बामा 'धर्म देशना कार्यक्रम' मा सहभागी हुनेछन्। तिब्बती बौद्ध धर्ममा 'धर्म देशना' भनेको कुनै उच्च लामा/रिन्पोछेले बुद्धका उपदेश, दर्शन, र साधनासम्बन्धी शिक्षा सार्वजनिक रूपमा प्रदान गर्ने धार्मिक-आध्यात्मिक कार्यक्रम हो।

लिङ रिन्पोछेले यसअघि मुस्ताङ, काठमाडौँ र लुम्बिनी भ्रमण गरिसकेका छन्। उनले सन् २०१९ मा नेपाल आउँदा काठमाडौँको फर्पिङ, २०२४ मा स्वयम्भू र २०२५ मा पनि कपन गुम्बा भ्रमण गरेका थिए। नेपालमा जेनजी विद्रोहपछि बनेको सुशीला कार्की नेतृत्वको सरकारलाई दलाई लामा, उनको निर्वासित सरकार र संसदले बधाई दिएपछि तिब्बती लामा/रिन्पोछेहरूको नेपाल भ्रमण विवादित र भूराजनीतिक चासोको विषय बन्न थालेको छ। जेनजी प्रर्दशनभन्दा अघि यी लामा/रिन्पोछेहरू नेपाल आउँदा यस्तो विवाद हुने गरेको थिएन।

**को हुन् लिङ रिन्पोछे ?**

लिङ रिन्पोछे तिब्बती बौद्ध धर्मको गेलुग परम्पराका अत्यन्त सम्मानित गुरु हुन्। यसअघिका छैटौँ लिङ रिन्पोछे दलाई लामाका महत्वपूर्ण गुरुहरूमध्ये एक हुन्। हालका सातौँ लिङ (थेप्तेन लुङतोक नामग्याल) छैटौँ काब्जे लिङ रिन्पोछेका उत्तराधिकारी हुन्। छैटौँ क्याब्जे लिङ रिन्पोछेले दलाई लामालाई दर्शन, तर्कशास्त्र, विनय (अनुशासन) र ध्यान/योग विद्यामा दीक्षित गराएका थिए।

सन् १९५९ मा भारत निर्वासित हुँदा दलाई लामा र लिङ रिन्पोछे दुवैले सँगै भारतमा शरण लिएका थिए। चीन-तिब्बत राजनीतिक संकटपछि दलाई लामालाई साथ दिने गुरुहरूमा लिङ रिन्पोछे महत्वपूर्ण मानिन्छन्। छैटौँ लिङ रिन्पोछे शिक्षक मात्र होइन, उनी दलाई लामाका जीवन-मार्गदर्शक, आध्यात्मिक संरक्षक र शिक्षा-गुरु समेत थिए।

लिङ रिन्पोछेलाई निर्वासनकालीन तिब्बती सरकारको सांस्कृतिक निरन्तरताको संरक्षक मानिन्छ। हाल नेपाल आउँदै गरेका सातौँ लिङ रिन्पोछे हुन्। उनको वास्तविक नाम तेन्जिङ लुङतोक थ्रिन्ले चोपाक हो। उनलाई अहिलेका १४औँ दलाई लामाले छैटौँ लिङ रिन्पोछेको उत्तराधिकारीको रूपमा सन् १९८७ मा औपचारिक रूपमा मान्यता दिएका थिए।

दक्षिण भारतको कर्नाटक राज्यको मुनदोगमा अवस्थित ड्रेपुङ लोसेलिङ गुम्बा लिङ रिन्पोचेको आवास गृह हो। दलाई लामा जाडो याममा चिसो छल्न दक्षिण भारत जाँदा प्रायः यही गुम्बामा बस्ने गरेका छन्।

# भरतपुर विमानस्थलमा इन्धन सेवा सुरु

चितवन। यहाँको भरतपुर विमानस्थलमा इन्धन सवा सुरु गरिएको छ। नेपाल आयल निगम लिमिटेडले बुधबारदेखि इन्धन 'रिफिलिङ'सेवा सुरु गरेको हो।

लिमिटेडका कार्यकारी निर्देशक डा. चण्डिकाप्रसाद भट्टले भरतपुरमा हवाई यात्रा गर्ने सवारीको चाप बढेसँगै रिफिलिङ काउन्टर सञ्चालनमा ल्याइएको बताए। उनले हवाई इन्धनका कारण यात्रुलाई असुविधा नहोस् भनेर सेवा सुरु गरिएको बताए।

हाल यहाँबाट दैनिक आठवटा उडान हुँदै आएको बताउँदै उनले आवश्यकताअनुसार हवाई इन्धन भर्न सक्नेगरी व्यवस्था मिलाइएको जानकारी दिए।

निगमका प्रवक्ता मनोजकुमार ठाकुरका अनुसार भरतपुरमा दुईवटा रिफिलिङ काउन्टर स्थापना गरिएको छ, जहाँबाट दैनिक २२ हजार लिटर हवाई इन्धन उपलब्ध गराउन सकिने छ। हाललाई लिमिटेडको सिनामङ्गल कार्यालयमा रहेका छ जना कर्मचारीमार्फत् सेवा सुरु गरिएको उनले जानकारी दिए।

यहाँबाट हाल दैनिक भरतपुर-काठमाडौँ-भरतपुर र आंशिक रूपमा भरतपुर-पोखरा- भरतपुर उडान हुँदै आएको छ।

बुद्ध एयरका स्टेसन म्यानेजर भक्तबहादुर बस्नेतले रिफिल काउन्टर स्थापना भएसँगै यात्रु तथा जहाजलाई सहज भएको जनाए। "अब जहाजले तेल बोकेर आउनुपर्ने समस्या हुने छैन, जसका कारण काठमाडौँबाट आउने जहाजमा थप यात्रु ल्याउन पाइने छ।"-उनले भने।

## नेकपा...

सामुदायिक तथा निजीलगायतका सबै विद्यालयका सम्पूर्ण शिक्षकहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा आवद्ध गर्नेछौं।'- घोषणा पत्रमा लेखिएको छ।

**महिलालाई प्रतिजन्म २० हजार रुपैयाँ मातृशिशु पोषण भत्ता**

एमालेले स्वास्थ्य स्वयंसेविकालाई २० हजार भत्ता र सामाजिक सुरक्षा प्रदान गरिने पनि बताएको छ।

यस्तै महिला उद्यमशीलता विकास गर्न बैंक तथा वित्तीय संस्थामार्फत् २० लाखसम्म उद्यमी महिला निर्ब्याजी ऋण सहज ढंगले प्रदान गर्ने तथा व्यवसाय र ऋणको निःशुल्क बिमा व्यवस्था गरिने पनि घोषणा पत्रमा उल्लेख छ।

'गर्भवती महिलालाई सुत्केरी हुनुअघि र पछि स्वास्थ्य परीक्षण गर्न प्रदान गरिँदै आएको घरदेखि स्वास्थ्य संस्थासम्मको यातायात खर्च दोब्बर गर्ने छौं,' एमालेले भनेको छ-'घट्दो जनसंख्या वृद्धिदरको प्रवृत्ति रोक्न सुत्केरी हुने महिलालाई प्रतिजन्म २० हजार रुपैयाँ मातृशिशु पोषण भत्ता दिनेछौं। गर्भवती महिलाका लागि ५ लाख रुपैयाँसम्मको जीवन बीमा निःशुल्क गर्नेछौं।'

राज्यद्वारा गरिब परिवारको रूपमा पहिचान भएका घरपरिवारले बैंक तथा वित्तीय संस्थाबाट २०८२ साल भदौसम्म लिएको २५ हजारसम्मको ऋण मिनाहा गरिने र त्यस्ता सबै परिवारलाई योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा आबद्ध गराउने एमालेको लक्ष्य छ।

एमालेले राष्ट्रको सुरक्षा, सार्वभौमिकता र स्थायित्वका लागि जीवन अर्पण गर्ने बहालवाला तथा अवकाशप्राप्त सुरक्षाकर्मीहरूको सम्मान र कल्याण सुनिश्चित गर्ने पनि प्रतिबद्धता जनाएको छ।

'पेशागत मर्यादा, सेवा-सुविधा, सामाजिक सुरक्षा, स्वास्थ्योपचार तथा सीप विकाससँगै सम्मानजनक जीवनयापनको सुनिश्चितता गर्दै उनीहरूको हक र हित संरक्षण गर्नेछौं।'- घोषणा पत्रमा छ।

## रास्वपाको...

कर प्रणालीलाई सरलीकरण गर्दै व्यक्तिगत र संस्थागत करको बोझ हटाउने वाचा पनि पार्टीले गरेको छ। निजी क्षेत्रसँग उन्नत समझदारी गर्ने तथा करिब दुई दर्जन असान्दर्भिक कानुन खारेज गर्ने रास्वपाको योजना छ। सहकारी र लघुवित्त क्षेत्रलाई कडा नियमनमा ल्याउने, साना बचतकर्ताको रकम १०० दिनभित्र फिर्ता गर्ने र 'एकीकृत बचत सुरक्षा कोष' स्थापना गर्ने प्रतिबद्धता पनि पार्टीले गरेको छ।

**राष्ट्रिय रणनीतिक उद्योग र सातै प्रदेशमा डिजिटल पार्क**

रास्वपाले सूचना प्रविधिको क्षेत्रलाई 'राष्ट्रिय रणनीतिक उद्योग' घोषणा गर्दै हालको १ अर्ब ५० करोड डलर निर्यातलाई १० वर्षमा ३० अर्ब डलर पुऱ्याउने घोषणा गरेको छ।

सातै प्रदेशमा 'डिजिटल पार्क' निर्माण गरी सूचना प्रविधिको क्षेत्रमा ५ लाख रोजगारी सिर्जना गर्ने लक्ष्य राखिएको छ। क्रिप्टोकरेन्सी नियमन, डाटा सेन्टर विकास, एआई कम्प्युटिङ निर्यात तथा रिमोट वर्कलाई कानुनी मान्यता दिने नीति लागु गर्ने पनि वाचा पत्रमा उल्लेख छ।

**ऊर्जा विकास दशक : ३० हजार मेगावाट जडित क्षमताको लक्ष्य**

पार्टीले आगामी दशकमा ३० हजार मेगावाट जडित क्षमता हासिल गर्ने लक्ष्यसहित 'ऊर्जा विकास दशक' घोषणा गर्ने वाचा गरेको छ। ऊर्जा आयोजनाका लागि एकद्वार सेवा, निजी क्षेत्रको संलग्नता विस्तार र छिमेकी मुलुकसँग दीर्घकालीन ऊर्जा व्यापार सम्झौता गर्ने पार्टीको योजना छ।

रेलमार्ग विस्तारको ५० वर्षे गुरुयोजना, मेची-महाकाली विद्युतीय रेल, प्रमुख सहरसम्म शाखा मार्ग तथा चीन-भारत रेल सञ्जालसँग जोड्ने दीर्घकालीन योजना वाचा पत्रमा समेटिएको छ।

**रास्वपाको विदेश नीति : भाइब्रेन्ट ब्रिज**

नेपाललाई 'बफर स्टेट' बाट 'भाइब्रेन्ट ब्रिज' मा रूपान्तरण गर्ने अवधारणासहित सन्तुलित कूटनीति अवलम्बन गर्ने नीति लिइएको छ। प्रवासी नेपालीलाई दोहोरो नागरिकताको नीति, विदेशबाटै मतदानको अधिकार र 'राष्ट्रिय ज्ञान बैंक' स्थापना गर्ने वाचा पनि पार्टीले गरेको छ। सत्तामा पुगेपछि बिग्रिने राजनीतिक संस्कृतिबाट टाढा रहने प्रतिबद्धता जनाउँदै पार्टीले भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता अपनाउने र आन्तरिक अनुशासन संयन्त्र बलियो बनाउने उल्लेख गरेको छ।

**पर्यटन डिभिजन कार्यालय, रुपन्देही**

## शिलवन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना

मिति :२०८२।११।०८

यस कार्यालयको मिति २०८२।११।०८ गते आह्वान गरिएको शिलवन्दी दरभाउपत्रको सूचना सम्बन्धी सम्पूर्ण विवरण कार्यालयको वेभसाईट www.tourismrupandehi.lumbini.gov.np/ सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाईट www.bolpatra.gov.np/egp मा राखिएकोले सोही बमोजिम खरिद कार्यमा सहभागी हुन अनुरोध छ।

- धरौटी खाता नं. 3120100202030000
- कार्यालय कोड नं.3070548015
- राजश्वशिर्षकनं.14229

नि.कार्यालय प्रमुख

## बुद्धभूमि नगरपालिका

**नगरकार्यपालिकाको कार्यालय**

**बुड्ढी, कपिलवस्तु**

**लुम्बिनी प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना।

प्रकाशित मिति २०८२/११/०५

यस कार्यालयबाट मिति २०८२/१०/१३ मा विद्युतिय माध्यमबाट बोलपत्र आव्हानको लागि राष्ट्रिय दैनिक दैनिकपत्रमा प्रकाशन गरी म्याद भित्र सिस्टममा रितपूर्वक दर्ता हुन आएका बोलपत्र तपशिलमा उल्लेखित बोललपत्रदाताले पेश गरेका बोलपत्र न्यूनतम मुल्यांकिंत सारभुत रुपमा प्रभावग्राही देखिएकोले सम्बन्धित सबैको जानकारीको लागि सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आशयको सुचना प्रकाशित गरिएको छ।

| क्र.सं. | ठे.नं. | विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम (मु अ. कर र उक समेत) रु. |
|---|---|---|---|---|
| १ | 26/BM/RD/2082/83 | Takihawa gau ma PCC Dhalan, Bishanpur Gau ko dakshin tira jane bato ko starunnati, Banardihawa gauma nali nirman, Nagadihawa Gauko bato starunnati ra sangandihawa gauko Bato starunnati | Bibhu Nirman Sewa ,कपिलवस्तु | १८,३७,६७६।९५ |

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः

**तिनाउ सेनेटरी**

बुटवल-१०, सुखानगर, रूपन्देही,

फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी



**विशाल सेनेटरी**

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

**सीताराम सफा सेनेटरी**

भैरहवा

९८६९७८९२७५,९८००७६०६२२

# जनताको समस्या सुन्दै घरदैलोमै केन्द्रित छन् चुन्नप्रसाद



बुटवल । आसन्न प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गर्दै घरदैलोमा पुगेका उम्मेदवारलाई जनताले आफ्ना साना-साना समस्याहरु सुनाएका छन् ।

उनीहरुले आफ्नो टोलको बाटोघाटो, टोलमा बत्ती, सरसफाइ, रोजगारी सिर्जना, सुकुम्बासी समस्या समाधानलगायतका समस्याहरु समाधानको प्रतिबद्धता खोजेका छन् ।

नेपाली कांग्रेसको तर्फबाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार चुन्नप्रसाद शर्मा पौडेल र समानुपातिक उम्मेदवार रिता सेन ओली यतिबेला टोल-टोलमा पुगेर मतदातासँग प्रत्यक्ष भेटघाट गरिरहेका छन् ।

अभियानको चौथो दिन बिहीबार सैनामैना नगरपालिका वडा नम्बर ४ र २ का विभिन्न टोलमा घरदैलो कार्यक्रमका क्रममा जनताले गुनासो सुनाउँदै समस्याहरुको समाधान गर्न आग्रह गरेका हुन् ।

घरदैलो अभियान पहिलो चरणमा मुर्गिया बजारबाट सुरु भएको थियो ।

त्यहाँबाट पुकारबाल्टी हुँदै अस्नैयाडाँडा, राधाकृष्ण टोल, प्रगति टोल, शान्तिटोल, सिसौडाँडा, रन्यौरा, झारबैरा हुँदै लुम्बिनी रोड र नापी क्षेत्रसम्म पुगिएको थियो । त्यसैगरी घरदैलोका क्रममा स्थानीय बासिन्दाले आफ्ना विभिन्न समस्या उम्मेदवारसमक्ष राखेका थिए । स्थानीयले आफ्नो क्षेत्रमा नापी भएर पनि सुकुम्बासी समस्या समाधान नभएको, लालपुर्जा हातमा भएकाहरुको पनि जग्गासम्बन्धी झन्झट कायम हुँदा समस्या बेहोर्नुपरेको गुनासो सुनाए । कतिपय स्थानमा बाटोघाटो समयमै निर्माण नभएको र सैनामैनाको मूल समस्या सुकुम्बासी समस्यासम्बन्धी रहेको स्थानीयको भनाइ छ ।

त्यस्तै, वडा नम्बर २ अन्तर्गत झारबैरा, खकनपुर, कालिका टोल, सोरौली हुँदै रानीबगियासम्म पुग्दा मतदाताले शैक्षिक स्तर सुधार, सुकौली खोलाको तटबन्ध निर्माण, समयमै सडक पिच नहुनु, ढल निकासको समस्या लगायतका विषय उठाएका थिए ।

उनीहरुले यसअघि निर्वाचित सांसद तथा जनप्रतिनिधिले आफूहरुका गुनासा र समस्याहरु समाधान गर्न नसकेको बताए ।

कांग्रेस उम्मेदवारहरूले रुपन्देही क्षेत्र नम्बर २ मा घरदैलो अभियानलाई तीव्र बनाएका छन् । उम्मेदवार पौडेलले घरदैलोका क्रममा आफू निर्वाचित भएपछि स्थानीयस्तरका यस्ता समस्यालाई प्राथमिकताका साथ समाधान गर्ने प्रतिबद्धता व्यक्त गरे ।

उनले नेपाली कांग्रेस नेतृत्वमै स्थायित्व र विकास सम्भव रहेको विश्वास व्यक्त गर्दै प्रत्येक टोल-टोलका समस्या पहिचान गरी योजनाबद्ध ढंगले काम गर्ने बताए । पौडेलले ५ वर्षभित्र नेपाललाई भ्रष्टाचारमुक्त बनाउने संकल्प समेत जनताका बिचमा गरेका छन् ।

उनले यो प्रतिज्ञा पूरा गर्न कांग्रेसले के-के गर्ने भन्ने विषय घोषणापत्रमा उल्लेख गरिएको पनि बताए । उनले जनताको समस्या नै हाम्रो पहिलो प्राथमिकता रहेको बताउँदै सैनामैनामा देखिएका सुकुम्बासी, सडक, शिक्षा र तटबन्ध जस्ता विषयलाई योजनाबद्ध रूपमा अघि बढाउने जनाए ।

समानुपातिक उम्मेदवार रीता सेन ओलीले महिला, बालबालिका र सीमान्तकृत समुदायका मुद्दालाई संसदसम्म पुऱ्याउने बताइन् ।

उनले भनिन्-'शिक्षा, पूर्वाधार र सुकुम्बासी समस्यामा हामी गम्भीर छौं, जनताको साथमै रहेर काम गर्नेछौं ।' यसअघि बुटवल उपमहानगरपालिका वडा नम्बर ७ र वडा नम्बर १ मा पनि घरदैलो कार्यक्रम गरिएको थियो ।

त्यहाँ पनि स्थानीयसँग भेटघाट गरी विकास, रोजगारी, सडक र ढल निकासलगायतका विषयमा सुझाव तथा गुनासा संकलन गरिएको थियो । घरदैलो कार्यक्रममा स्थानीय नेता-कार्यकर्ता तथा सर्वसाधारणको उल्लेख्य सहभागिता रहेको थियो । शुक्रबार तिलोत्तमा वडा नं. ५ र वडा नं. ६ मा घरदैलो गर्ने नेपाली कांग्रेस रुपन्देही क्षेत्र नं. २ का निर्वाचन परिचालन मूल समितिका संयोजक तथा क्षेत्रीय सभापति प्रजापाल गिरिले जानकारी दिए ।

# अहिलेको निर्वाचन दक्षिणपन्थी र अग्रगामीबिचको प्रतिस्पर्धा होः वर्षमान पुन




**नवीन लोचनमगर**
*रोल्पा*

रोल्पाबाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार तथा पूर्वअर्थमन्त्री वर्षमान पुन 'अनन्त'ले आगामी फागुन २१ गते हुने निर्वाचन दक्षिणपन्थी र अग्रगामीबिचको प्रतिस्पर्धा भएको बताएका छन् । बिहीबार रोल्पाको लिबाङमा आयोजित पत्रकार भेटघाटमा बोल्दै पुनले एकथान सांसद र सरकार बनाउने मात्रभन्दा पनि ठुलो वैचारिक दिशा दिनसक्ने सामर्थ्यसहित अहिलेको निर्वाचन भइरहेको बताए ।

'अहिलेको निर्वाचन सामान्य निर्वाचन होइन । एकथान सांसद र एकथान सरकार बनाउने निर्वाचन मात्र होइन । वैचारिक रुपले पनि ठुलो डिपार्चर हुने देखिन्छ,' पुनले भने-'दक्षिणपन्थीले जित्यो भने अहिलेसम्म प्राप्त उपलब्धि, जनताका अधिकारहरु खोसिने खालको सम्भावना पनि छ । तर जनपक्षीय नेतृत्वले जित्यो भने अझ अगाडि जाने, सुशासन, समृद्धि, राष्ट्रिय स्वाधिनता, सामाजिक न्याय कायम गर्दै समाजवादतिर जाने सम्भावना पनि छ ।'

नेपाली कम्युनिष्ट पार्टीका प्रभावशाली नेताका रुपमा समेत चिनिने वर्षमा पुनले कांग्रेस-एमाले जस्तो पुरानो अतिवादी पार्टीहरु अब स्वीकार्य नभएको बताएका छन् ।

'कांग्रेस एमाले जस्तो पुरानो अतिवादी पार्टीहरु छन्, जसले अहिलेकै पर्याप्त छ, अहिलेकै राज्य दोहन, भ्रष्टाचार, विचौलिया, दलाल अर्थतन्त्रलाई ठीकै मान्ने, थोरै मान्छेले मजाले लुट्ने र ठुलो संख्याले हेरेर बस्ने यस्तो प्रवृत्तिको हामी विरोधी हौं । त्यसअर्थमा यथास्थितिवादको हामी विरोधी हौं ।'- पुनले भने । दक्षिणपन्थी, यथास्थितिवादी र अग्रगामी शक्तिबिचको परीक्षण गर्ने पनि अहिलेको निर्वाचन भएको उनको भनाइ छ ।

## साई ग्लोबल कप क्रिकेटः

# कालिका र प्यारामाउण्टको सानदार जित







भैरहवा । कालिका मानवज्ञान कलेज र प्यारामाउण्ट कलेजले भैरहवामा जारी ११औं संस्करणको जिल्लास्तरीय अन्तर कलेज साई ग्लोबल टी-२० क्रिकेट प्रतियोगितामा सानदार जित निकालेका छन् । बिहीबार भएका दुई खेलमा कालिकाले काशी नोबल एकेडेमीलाई ९ विकेट र प्यारामाउण्टले लुम्बिनी वाणिज्य क्याम्पसलाई १ सय ४२ रनको फराकिलो अन्तरले हराउँदै सानदार जित निकालेका हुन् ।

भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा टस जितेर ब्याटिङ गरेको काशी नोबलले सबै विकेट गुमाएर १ सय ३७ रन बनायो । उसका लागि समिर अलीले ६४, शिव गुप्ताले २५, निश्चल चौधरीले २० र सुप्रित घिमिरेले १५ रन जोडे । बलिङमा कालिकाका सुमित थापा र थानेश्वरले समान २-२ तथा सन्देश थापा र विपिन भट्टराईले १-१ विकेट लिए ।

प्रतिउत्तरमा कालिकाले १३ ओभर २ बलमा १ विकेटको क्षतिमा १ सय ३९ रन बनाउँदै सहजै जित हात पार्यो । उसको जितमा प्रज्ज्वल थापाले अविजित १ सय ८ रनको शतकीय पारी खेले । यस्तै, विशाल भुसालले नटआउट २२ रन बनाए । बलिङमा काशीका सुप्रित घिमिरेले १ विकेट लिए । खेलमा प्रज्ज्वल थापा प्लेयर अफ द म्याच भई एक हजार रुपैयाँ प्राप्त गरे ।

यस्तै, दोस्रो खेलमा टस जितेर ब्याटिङ गरेको प्यारामाउण्टले ६ विकेटको नोक्सानीमा १ सय ५५ रन बनायो । उसका लागि देव खनालले ४०, अमल बोहराले ३५, तुलबहादुर थापाले १९, सागर भण्डारीले अविजित १७ र आर्यन भण्डारीले १३ रनको योगदान गरे । बलिङमा लुम्बिनी वाणिज्यका रोशन थापा मगरले ४ र आशिष श्रेष्ठले १ विकेट हात पारे ।

जवाफी ब्याटिङमा आएको लुम्बिनी वाणिज्यले ८ ओभर ५ बलमा अलआउट हुँदै जम्मा १३ रन बनायो । उसलाई हज्जास्पद हार चखाउने क्रममा बलिङमा प्यारामाउण्टका आशुतोष पाण्डेले ५ र सागर भण्डारीले ४ विकेट लिए । लुम्बिनी वाणिज्यका भने कुनै पनि खेलाडीले दोहोरो अंकमा रन बटुल्न सकेनन् । खेलमा सागर भण्डारी प्लेयर अफ द म्याच भई एक हजार रुपैयाँ प्राप्त गरे ।

फागुन १४ गतेसम्म चल्ने प्रतियोगितामा जिल्लाका विभिन्न २० वटा कलेजहरुको सहभागिता रहेको खेल संयोजक निरजप्रताप खाँणले बताए । प्रतियोगिताको विजेता टिमले ५५ हजार ५ सय ५५ रुपैयाँ, उप-विजेता टीमले नगद २५ हजार ५ सय ५५ रुपैयाँ, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने छन् । यस्तै, म्यान अफ द सिरिजले १० हजार, बेष्ट ब्याटर र बलरले समान ५-५ हजार, प्रत्येक खेलको म्यान अफ द म्याचले एक हजार रुपैयाँ पाउने छन् । यस्तै, प्रतियोगिताको अनुशासित टिमलाई पनि सम्मानित गरिने आयोजकले जनाएका छन् ।

# जितगढीमा रूपन्देही-२ का उम्मेदवारसँग नागरिक अन्तर्क्रिया




बुटवल । रुपन्देही क्षेत्र नम्बर २ का प्रतिनिधिसभा सदस्य पदका उम्मेदवारहरूले बुटवलस्थित ऐतिहासिक जितगढी किल्लाको माटोको टिका लगाउँदै राष्ट्रिय स्वाधीनताको पक्षमा दृढतापूर्वक उभिने सामूहिक प्रण गरेका छन् ।

नागरिक मञ्च अभियान नेपालले आयोजना गरेको 'आसन्न निर्वाचन र राष्ट्रिय स्वाधीनताको प्रश्न' विषयक अन्तर्क्रिया कार्यक्रममा सहभागी उम्मेदवारहरूले जितगढीको माटो मुठ्ठीमा लिएर राष्ट्रहित, राष्ट्रियता र स्वाधीनताको रक्षा गर्ने प्रतिबद्धता व्यक्त गरेका हुन् ।

कार्यक्रममा अभियानका अध्यक्ष पदम कार्कीले आसन्न निर्वाचनको सन्दर्भ र राष्ट्रिय स्वाधीनताको सवालबारे आफ्नो अवधारणा प्रस्तुत गरेका थिए । प्रस्तुत अवधारणामाथि सहभागी उम्मेदवार तथा अतिथिहरूले ऐक्यबद्धता जनाउँदै राष्ट्रियता कमजोर हुने कुनै पनि गतिविधिको प्रतिवाद गर्ने धारणा राखेका थिए ।

अन्तर्क्रियामा नेकपाका उम्मेदवार सुवास पाण्डे (विश्वदिप) ले देशमा भएका परिवर्तनलाई संस्थागत गर्दै राष्ट्रियता अप्ठ्यारोमा परेको बेला सबै देशभक्त शक्ति एकजुट हुनुपर्ने बताए । प्रगतिशील लोकतान्त्रिक पार्टीका नारायण नागिला ले अवधारणापत्रप्रति समर्थन जनाउँदै चुनाव जिते वा हारे पनि राष्ट्रियता र स्वाधीनताको लडाइँमा अग्रपंक्तिमा रहने प्रतिबद्धता व्यक्त गरे ।

उज्यालो नेपाल पार्टीका ई. सुरज पाण्डे ले आफूहरू बोल्नभन्दा काम गर्न आएको उल्लेख गर्दै स्वाधीनतालाई खतरामा पार्ने कुनै कार्य नगर्ने स्पष्ट पारे । नेकपा (माओवादी)का वीरेन्द्र विक ले प्रतिबन्धको समयदेखि नै पार्टीले राष्ट्रियता र स्वाधीनताको पक्षमा संघर्ष गर्दै जेल-नेल व्यहोरेको स्मरण गराउँदै चुनावमा देशभक्ति र स्वाधीनताको पक्षमा बोल्ने उम्मेदवारलाई मत दिन आग्रह गरे ।

स्वतन्त्र उम्मेदवार एवम् अभियन्ता निकोलस भुषालले नेपाल स्वर्गको टुक्राजस्तो सुन्दर देश भएको उल्लेख गर्दै देश निर्माणका लागि सबै नागरिक एकजुट हुनुपर्ने बताए ।

राष्ट्रिय जनमोर्चाका लिलाबहादुर केसीले देशलाई संघीयतामा लैजाँदा स्वाधीनता कमजोर बनाउने प्रयास भइरहेको आरोप लगाउँदै देश बचाउने कि सक्काउने भन्ने निर्णायक घडी आएको बताए ।

कार्यक्रममा खबर गरिए पनि नेकपा एमालेका विष्णु पौडेल, नेपाली कांग्रेसका चुन्नु पौडेल र रास्वपाका सुलभ खरेल उपस्थित नभएको आयोजकले जनाएको छ । कार्यक्रमको सञ्चालन शिव डुम्रेले गरेका थिए भने स्वागत मन्तव्य ज्ञानु केसीले राखेकी थिइन् ।

# सुकुम्बासी समस्या एमाले सरकारले मात्रै मिलाउन सक्छ : न्यौपाने



देबदह । सुकुम्बासी तथा अव्यवस्थित बसोबासको समस्या समाधान नेकपा एमाले सरकारले मात्र गर्न सक्ने नेकपा एमालेका उम्मेदवार दधिराम न्यौपानेले दाबी गरेका छन् ।

नेकपा एमालेको सरकारले नागरिकलाई जग्गाको लालपुर्जा प्रदान गर्ने तयारी गरिरहेको अवस्थामा समस्या समाधान नचाहनेको कारण सरकारबाट हट्नु परेको उनले जनाए ।

प्रतिनिधिसभा निर्वाचनअन्तर्गत रुपन्देहीको तिलोत्तमा नगरपालिका ८ र ११ को घरदैलो कार्यक्रमको अवसरमा नागरिकहरुसँग सम्वाद गर्दै उनले उक्त कुरा बताएका हुन् । उम्मेदवार न्यौपानेले नागरिकको कुरा सुन्दै एमाले सरकारमा भएको समयमा सुकुम्बासी तथा अव्यवस्थित बसोवास समाधानको लागि धेरै काम गरिसकेको दाबी गरे ।

उनले रुपन्देहीको क्षेत्र नम्बर १, मा धेरै सुकुम्बासी तथा अव्यवस्थित बसोवासीको बसोबास रहेको कारण आफू निर्वाचित भएमा सबैभन्दा पहिलो काम नागरिकलाई लालपुर्जा वितरण गर्ने योजना अगाडि सार्ने जनाए । उनले नेकपा एमालेको सरकारको पालामा रुपन्देहीको देवदह नगरपालिका, तिलोत्तमा नगरपालिका तथा अन्य पालिकामा लालपुर्जा वितरणको काम सुरुवात भएको बताउँदै नेकपा एमालेको जित भएमा त्यसलाई पूर्णता प्रदान गर्ने प्रतिबद्धता व्यक्त गरे ।

नेकपा एमालेका केन्द्रीय सदस्य समेत रहेका उम्मेदवार न्यौपानेले एमालेको सरकारले क्षेत्रको भौतिक पूर्वाधार विकासका लागि धेरै योजनाहरु सुरुवात गरिसकेको दाबी गरे ।

आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

निर्वाचनलाई वातावरणमैत्री बनाऔं ।

- सभा, जुलुस, ऱ्याली वा घरदैलोजस्ता कार्यक्रममा प्रयोग भएका सामग्रीको व्यवस्थापन गरौं ।
- निर्वाचन प्रचारप्रसार कार्यक्रम गर्दा वातावरणमैत्री सामग्रीको प्रयोग गरौं ।
- निर्वाचन प्रचारप्रसारमा आमसञ्चार तथा डिजिटल माध्यमलाई प्राथमिकता दिऔं ।
- निर्वाचन प्रचारप्रसारमा सभा, जुलस वा ऱ्यालीमा ध्वनि तथा वायु प्रदूषण न्यून गर्ने उपाय अपनाऔं ।
- निर्वाचन प्रचारप्रसारमा प्लाष्टिकजन्य सामग्रीको प्रयोग नगरौं ।
- निर्वाचनका समयमा विद्युतीय सवारी साधनलाई प्राथमिकता दिऔं
- निर्वाचनका समयमा पर्चा/पोष्टर टाँस्ने वा भित्ते लेखनजस्ता कार्य नगरौं/नगराऔं
- निर्वाचनलाई स्वच्छ र मर्यादित बनाउन सहयोग गरौं ।

**हरित निर्वाचन अभियानलाई सफल पारौं ।**

नेपाल सरकार विज्ञापन बोर्ड

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com